मोरंग व्यापार संघको मासिक प्रकाशन

मोरंग व्यापार पत्रिका

वर्ष २६ | अंक - ५ | भाद्र २०६७ | August/September 2010

उपभोग्य बस्तुमा भ्याट हटाउन माग

मोरंग व्यापार संघले दैनिक उपभोग्य वस्तुमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन सरकार-सँग माग गरेको छ। राजश्व सचिव कृष्णहरि बाँस्कोटा विराटनगरमा आउनु भएको बेला भदौ २८ गते मोरंग व्यापार संघमै भेटघाट गरी उपभोग्य वस्तुमा लगाइएको भ्याट हटाउन माग गरिएको हो।

संघका अध्यक्ष महेश जाजुको नेतृत्वको उद्यमी व्यापारीहरुको एक टोलीले राजश्व सचिवसँग भेट गरी खाने तेल, आँटा जस्तो वस्तुमा लगाइएको भ्याटले गर्दा स्वदेशी उद्योग धरासायी भएको बताएको थियो । उपभोग्य वस्तुमा भ्याट लगाइनाले स्वदेशी उत्पादन महँगो हुन गएकाले गुणस्तरहीन भारतीय वस्तु चोरी पैठारी भैरहेको छ । त्यसबाट स्वदेशी उद्योग शंकटमा पर्नुका साथै उपभोक्ता पनि मारमा परेका छन्।

भारतबाट चोरी पैठारी भैआउने गुणस्तरहीन उपभोग्य वस्तुसँग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने स्थिति सिर्जना हुनु सरकारको अदुरदर्शी एवं अव्यवहारिक नीति जिम्मेवार छ भन्दै राजश्व सचिव मार्फत् उद्योगी व्यवसायीले सरकारको ध्यानाकर्षण गराउन चाहेका हुन्।

स्वदेशी कृषिजन्य उद्योगलाई बचाउन पनि सरकारले भ्याट हटाउन आवश्यक रहेको छ। संघका अध्यक्ष जाजुले राजश्व सचिव तथा अर्थ मन्त्रालयसँग सम्वद्ध अन्य पदाधिकारी समक्ष कुरा राख्दै मूल्य अभिवृद्धि करलाई बहुदरमा नलैजाँदा खाने तेल, मैदा, अत्यावश्यक सुती कपडा लगायतका वस्तु उत्पादन गर्ने उद्योगलाई शंकट पर्न गएको बताउनु भयो।

भेटघाटका अवसरमा बढ्दो चोरी पैठारीले देशको अर्थतन्त्रमा पार्दै लगेको नकारात्मक प्रभावका बारेमा

श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट निकालिएको राधा-कृष्णको भव्य रथ यात्रा । विराटनगरमा हरेक साल निकालिने राधा-कृष्णको रथ यात्रामा लाखौं भक्तजनहरु सहभागी हुने गर्दछन् ।

afFsL k[i7 % df –

जुट उद्योग संकटमा

बजारमा कच्चा जुट नपाउँदा विराटनगरका जुट

उद्योगहरु संकटमा परेका छन्। यहाँका उद्योगलाई चाहिने जति कच्चा जुट नेपालमा उत्पादन नहुने हुँदा भारतीय जुटमा निर्भर रहनु पर्ने अवस्था छ। तर यस पटक परेको खडेरीले सबैभन्दा बढी जुट उत्पादन हुने भारतको पश्चिम बंगालमा उत्पादन घटेकाले नेपालका उद्योगले कच्चा पदार्थ नपाउने स्थिति आएको हो।

जुट संघका अध्यक्ष राजकुमार गोल्छाका अनुसार यतिबेला जुटको मूल्य घट्नु पर्ने हो तर गत सालको अन्तिम समयमा जति नै मूल्य यति बेलै पुगेको छ । सिजनमै जुटको भाउ यसरी बढ्नु राम्रो होइन।

जुट संघका पूर्वअध्यक्ष तथा स्वस्तिक जुट मिलका सञ्चालक चम्पालाल राठी पनि भारतमा जुटको उत्पादन घटेकाले जुट मिलहरुले सिजनमै शंकट व्यहोर्नु परेको हो भन्नुहुन्छ । 'भारतमा जुट बाली त राम्रै थियो तर काटेर गोर्नु पर्ने बेलामा पानी नआएकोले किसानले जुट धुनै पाएनन् सबै त्यसै सुकेर गयो। धोएको जुटको पनि राम्रो गुणस्तर छैन' राठी भन्नुहुन्छ।

मोरंग र सुनसरीमा गरी आठ वटा जुट मिल सञ्चालनमा छन् । ती सबै मिललाई वार्षिक सरदर ८० हजार मेट्रिक टन कच्चा जुट चाहिन्छ । तर नेपालको उत्पादनले भने सबै मिललाई चाहिने जुटको आवश्यकताको एक तिहाई मात्र धान्छ । नेपालमा गत साल २० हजार मेट्रिक टन जुट उत्पादन भएकोमा यस पटक २५ हजार मेट्रिक टन पुग्ने अनुमान छ।

नेपालको जुटले आवश्यकता धान्न नसक्ने हुनाले भारतको जुटमा निर्भर रहनु परेको हो तर यसपटक भारतीय मिलहरुलाई पुग्ने जुट नै छैन । हामीले कसरी पाउने ? भन्नहुन्छ मोरङ व्यापार संघका पूर्वअध्यक्ष तथा सीएम जुट मिल्सका सञ्चालक नन्दकिशोर राठी।

'पहिला बोर्डरमा त्यति कडाई हुँदैन थियो, अनि सीमा क्षेत्रको बजारबाट सिधै जुट भित्रिन्थ्यो । अहिले भारतले बोडर टाइट गरेको हुँदा प्रक्रियागत ढंगले पैठारी गरेको जुट बाहेक अरु जुट नेपाल भित्रिन पाउँदैन । बंगलादेशको जुट आयात गर्दा खर्च झनै बढी पर्न जान्छ । त्यसो भएपछि जुट उद्योगीहरुले अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन' भन्नुहुन्छ पूर्वअध्यक्ष राठी।

उद्योगहरुमध्ये सबैभन्दा बढी रोजगारी दिने जुट उद्योग नै हो । आठवटा उद्योगमा झण्डै १५ हजारले रोजगारी पाएका छन्। जेठो जुट उद्योग विराटनगर जुट मिल चलेका बेला १८ हजार जतिले रोजगारी पाएका थिए । सो मिल बन्दसँगै रोजगारीको अवसर घटेको हो । तर दक्ष मजदुर विदेश जान थालेकाले भएका उद्योगले पनि मजदुर पाउन छाडेका छन्। जुट मिलहरुले भोग्नु परेको अर्को शंकट भनेको विद्युतको हो । लामो लोडसेडिंगले जुटलाई ठूलो मर्का परेको छ । त्यसैपनि भारत र बंगलादेशका उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था छ । त्यसमाथि उर्जा शंकटका साथै कच्चा जुट नपाउने अवस्था र मजदुरको पनि अभावका कारण जुट उद्योगहरु शंकटमा परेका हुन्।

Dark is not opposite of Light,
It's just the absence of Light
Similarly,
A problem is the absence of an Idea,
Not absence of a Solution.

देश असफल राष्ट्रतर्फ उन्मूख

देशको आर्थिक अवस्था दिन प्रतिदिन विग्रंदै गएकाले असफल राष्ट्र बन्ने हो कि भन्ने चिन्ता अर्थविदहरुले गर्न थालेका छन् । देशको आर्थिक सूचकाङ्कहरु खस्कँदै गएकाले र राजनीतिले पनि निकास पाउन नसकेकाले असफल राष्ट्र बन्न सक्ने चिन्ता व्यक्त गर्न थालिएको हो ।

राजधानीमा हालै आयोजित एक कार्यक्रममा अर्थविद डा. चिरञ्जीवी नेपालले शान्ति सुरक्षाको स्थिति खस्कँदै गएको, कानुनको पालना नभै दण्डहिनता बढेको, नयाँ लगानी थपिन नसकेको, बेरोजगारी समस्या झन् बढ्दै गएको आदि कारणले त्यसको प्रत्यक्ष प्रभाव आर्थिक क्षेत्रमा पर्न गएको छ ।

यस्तो अवस्थामा सरकार बन्न यति लामो समय लाग्दा देशको बजेट पनि आउन सकेको छैन । त्यसबाट विकास निर्माण अवरुद्ध भएको छ । अब त कर्मचारीले तलब खान सक्ने अवस्था पनि छैन । अर्थसचिव रामेश्वर खनाल पनि देशको आर्थिक धरातलमा आर्थिक अनिश्चितताको बादल मडारिन थालेको स्वीकार गर्नुहुन्छ । अर्थसचिव खनालका अनुसार देशमा आर्थिक गतिविधिहरु संकुचित हुँदै गैरहेका छन् । आर्थिक सूचकाङ्कहरु अनुमान गरे भन्दा फरक देखिँदै गैरहेका छन् । यस्तो अवस्थामा देशको अर्थतन्त्र ठिक ढंगले चलेको छ भन्न सकिँदैन ।

समयमा बजेट नआउँदा देशको समग्र विकास पछाडि धकेलिएको छ । अब यसरी नै थेग्न सकिने अवस्था छैन । राजनीतिक दलहरुले गम्भीर भएर नसोच्ने हो भने दशैँपछि देशभरका अस्पतालका इमरजेन्सी सेवा पनि बन्द हुनेछन् भन्दै अर्थसचिव खनालले आर्थिक अवस्थाको सम्भावित खतरालाई औँल्याउनु भएको छ ।

बजेटको तृतीयांश मात्रै खर्च गर्न पाउने भएकाले बहुप्रतीक्षित महत्वाकांक्षी राष्ट्रिय विकास आयोजनाहरु अवरुद्ध हुन पुगेका छन् । यसरी विकास निर्माणका कार्यहरु ठप्प हुने हो भने कस्तो भविष्यको कल्पना गर्ने ?

नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. तिलक रावल पनि देशको व्यापार घाटा तीन दशक यता सबैभन्दा बढी भएको सबैका सामु छर्लङ्ग छ भन्दै देशलाई असफल हुनबाट बचाउन कोही पनि गम्भीर र चिन्तित देखिदैनन् भन्नुहुन्छ । उहाँका अनुसार आर्थिक अस्थिरताको समाधान राजनीतिक वृत्तमा छ ।

त्यस्तै अर्का अर्थविद डा. विश्वम्भार प्याकुरेल देश असफलताको अन्तिम मोडमा पुग्दा पनि राजनीतिक दलहरुमा भने कुनै चिन्ता छैन भन्नुहुन्छ । 'बेला बितिसकेपछि आएको होशले देश बचाउन सकिँदैन । त्यतिबेला पश्चाताप गर्नु सिवाय हामीसँग अरु कुनै कुरो बाँकी रहने छैन' अर्थविद डा. प्याकुरेल भन्नुहुन्छ ।

उहाँका अनुसार बजेट आउन नसक्नु नै ठूलो दुर्भाग्य हो । त्यसबाट पुग्न गएको आर्थिक क्षतिलाई पूर्ति गर्न सकिँदैन ।

तर राजश्व सचिव कृष्णहरि बाँस्कोटा भने अहिले नै त्यति डराइहाल्नु पर्ने अवस्था आइनसकेको बताउनु हुन्छ । अर्का अर्थविद डा. चिरञ्जीवी नेपाल भने बजेट नआउँदा नयाँ लगानीका ढोकाहरु बन्द भएको, चालु योजनाहरु पनि बन्द भएको अवस्थामा देशको आर्थिक स्थिति राम्रो छ भनेर कसरी कल्पना गर्न सकिन्छ ? भन्नु हुन्छ ।

नेपाल राष्ट्र बैंकले नयाँ मौद्रिक नीति ल्याए पनि आर्थिक नीति नआउँदा राष्ट्र बैंकको मौद्रिक नीति कार्यान्वयन नहुँदै धरापमा परेको डा. नेपालको तर्क छ ।

२०६६ श्रावणदेखि २०६७ आषाढ मसान्तसम्म भारत तथा अन्य मुलुकका लागि मोरङबाट उत्पत्तिको प्रमाण-पत्र जारी गरिएका केही वस्तुहरु

क्र.सं.	वस्तुको नाम	परिमाण	मूल्य (ने.रु.)
भारत :			
1.	Black Pipe	1106378 Kgs	54647551.68
2.	Brass sheets/circle	923965 Kgs	432199433.52
3.	Garment	173757.2 N/A	66101592.56
4.	Jute	5381619 Kgs	453853668.80
5.	Jute Goods	14107161 Kgs	995538951.04
6.	Jute Twine	10165567 Kgs	587940265.60
7.	Laundry Soap	4066933 Kgs	152718380.62
8.	Leather	891429.5 Sqf.	21994416.80
9.	Noodles	1121884 Kgs	98740360.00
10.	P.P. Woven Fabrics	10568565 Kgs	960227598.88
11.	Plastic Chair	116629.7 Kgs	12191301.70
12.	Rice Bran	911600 Kgs	46074819.20
अन्य मुलुक :			
1.	Cheese Balls	6075 Kgs	910080.00
2.	G. I. Wire	13612.6 Kgs	1749107.43
3.	Garment	139327 N/A	52955427.89
4.	Laundry Soap	323320 Kgs	12561600.00
5.	Leather	4188770 Sqf	212234171.55
6.	Lentils	912000 Kgs	81621405.70

उद्यमीलाई उर्जामन्त्रीको आग्रह

उर्जामन्त्री डा. प्रकाशशरण महतले उर्जाक्षेत्रमा लगानी गर्न उद्यमीहरुलाई आग्रह गर्नुभएको छ । भदौ तेस्रो साता विराटनगर आएका बखत उर्जामन्त्री डा. महतले उद्यमीहरुलाई सो आग्रह गर्नु भएको हो । मुलुकमा बढ्दो उर्जा शंकटका कारण उद्योग व्यवसायको स्थिति खस्कँदै गएकोमा उर्जामन्त्रीको ध्यानाकर्षण गराउँदा परम्परागत सोचबाट माथि उठेर उर्जा क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आफैँ तयार हुनुपर्ने उहाँले बताउनु भयो । मुलुकमा उर्जा उत्पादनको प्रचुर सम्भावना रहेपनि परम्परागत सोचबाट उद्यमीहरु माथि उठ्न नसकेकाले उर्जा क्षेत्रमा लगानी गर्न तयार नभएको मन्त्री महतको धारणा छ । उहाँले नेपालीहरुकै लगानीमा विद्युत आयोजनाहरु सञ्चालन नभएसम्म मुलुकले उर्जा शंकटबाट मुक्ति नपाउने बताउनु भयो ।

उर्जा उत्पादन सम्बन्धी प्रोजेक्ट लिएर कुनैपनि उद्यमी आफूकहाँ नआएको, आएमा सरकार सहयोग गर्न तयार रहेको उर्जामन्त्री डा. महतको भनाईछ ।

उर्जामन्त्री डा. महतले आगामी हिउँदमा भारतसँग थप विद्युत खरिद गरिने र टंकिसिनवारी स्थित मल्टिफ्यूल पावर प्लान्ट पूर्णक्षमतामा चलाइने जानकारी दिनु भयो ।

निजी क्षेत्रबाट कोइला प्लान्ट (थर्मल प्लान्ट) स्थापना गर्न चाहेमा अनुमति दिन सरकार तयार रहेको मन्त्री महतले बताउनु भयो । उद्योगलाई आधुनिकीकरण गर्न परम्परागत सोचबाट उद्यमीहरु माथि उठ्नै पर्ने मन्त्री महतको भनाईछ ।

पर्यटन व्यवसायमा भइरहेको प्रयास र भविष्य

विश्व पर्यटन संघले परिभाषा गरे अनुसार पर्यटन यस्तो क्रियाकलाप हो जस अन्तरगत मानिसहरु कम्तिमा २४ घन्टादेखि १ वर्षभन्दा कम आफू बसिआएको वातावरण भन्दा भिन्न स्थानमा बस्छन्, रमाइलो गर्छन् र सामान्यतया अर्थोपार्जनको क्रियाकलापमा संलग्न हुँदैनन् । पर्यटन हाल संसारभर फुर्सदको क्षण बिताउने माध्ययमको रुपमा स्थापित भइसकेको छ । सन् २००८ को अन्त्यमा ९२२ मिलियन पर्यटकहरुले अन्तराष्ट्रिय भ्रमणहरु गरेर त्यसबाट ९४४ बिलियन अमेरिकी डलरको व्यापार भएको अनुमान गरिएको छ । अर्थतन्त्रको मेरुदण्डको हिसाबले पर्यटन धेरै देशका लागि महत्वपूर्ण आयश्रोतको रुपमा रहेको छ । जसमा इजिप्ट, ग्रिस, लेवनान, स्पेन, थाइल्याण्ड र कतिपय द्विपहरु जस्तै फिजी, माल्दिभ्स् पर्दछन् । मुख्य रुपमा स्थानीय उत्पादन (खाद्यान्न, हस्तकला) र सेवाहरु र होटल तथा रिसोर्टहरुमा रोजगारीको अवसर पर्यटनबाट हुने महत्वपूर्ण फाइदाहरु हुन् । त्यसको अलावा यातायात व्यवसाय, ट्याक्सी, हवाई सेवा, पार्कहरु, ठूला ठूला डिपार्टमेन्ट स्टोरहरु, जुवाघरहरु, थिएटरहरु र अन्य मनोरञ्जनका साधनहरुको व्यवसाय यस अन्तरगत पर्दछन् ।

तर मोरङ जिल्लामा पर्यटनको विकास अन्य क्षेत्रको दाँजोमा शून्य प्राय छ भन्दा अत्युक्ति हुँदैन । औद्योगिक नगरी विराटनगरमा कार्यालयको काम, अध्ययन भ्रमण र छिटफुट मनोरञ्जनात्मक पर्यटनबाहेक दिगो पर्यटनको विकास गर्न सकिएको छैन । पूर्वाञ्चललाईनै विकासको गोरेटोमा अगाडि बढाउने

राजन श्रेष्ठ
का.का. सदस्य,
मोरंग व्यापार संघ

सम्भाव्यता बोकेको यो जिल्लाबाट कोशी टप्पु बन्य जन्तु आरक्षण, बराहाक्षेत्र, अरुण उपत्यका लगायत प्रसिद्ध स्थानहरु भ्रमणका लागि विराटनगर ढोकाको रुपमा रहेको छ । पछिल्लो समयमा नेपाल पर्यटन बोर्ड जिल्ला विकास समितिको कार्यालय मोरङ, विराटनगर उपमहा-नगरपालिका र पर्यटन व्यवसायीहरुको प्रयासमा

afFsL k[i7 ^df –

व्यवसायमा नेपाल कान्छो

व्यवसायिक कारोवारमा नेपाल १ सय ४ औँ स्थानमा छ । फोर्ब्स नामक पत्रिकाले विश्वभरका १ सय २८ वटा देशमा गरेको सर्वेक्षणका आधारमा नेपाल १ सय ४ औँ स्थानमा रहेको पाइएको हो ।

फोर्ब्सले सर्वेक्षण गरेका देशहरुमा लोकतन्त्रको विकास,नागरिक स्वतन्त्रता, भ्रष्टाचार निवारण, लगानीकर्ताको संरक्षण, सेयरबजारको कार्यसम्पादन, सम्पत्तिको शुद्धिकरण, प्रविधिमा गरेको उन्नति जस्ता विषयलाईआधार बनाइएको थियो ।

फोर्ब्सका अनुसार व्यवसायिक कारोवारमा डेनमार्क संसारमै पहिलो स्थानमा छ । दोस्रो र पाचौँमा भने एशियाली मुलुक नै छन् । दोस्रोमा हङकङ, तेस्रोमा न्युजिल्याण्ड, चौथोमा क्यानडा र पाचौँमा सिंगापुर छन् ।

सार्क मुलुकहरु मध्ये श्रीलंका ७७ औं स्थानमा छ भने पाकिस्तान ९२औं स्थानमा र बंगलादेश १०९औं स्थानमा छ । भारत भने ८३ औं स्थानमा छ । छिमेकी मुलुक चीनको स्थान ९० औं नम्बरमा रहेको छ ।

संसारकै सबैभन्दा शक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिका सातौँ स्थानमा रहेको फोर्ब्सले जनाएको छ ।

सुन ल्याउने जिम्मा राष्ट्र बैंकलाई

सरकारले सुन आयात गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई दिने निर्णय गरे पनि वाणिज्य मन्त्रालयले त्यसमा असहमति जनाएको छ । सरकारले भदौ १८ गतेदेखि सुन आयात गर्न रोक लगाएको थियो।

२०६६ साल चैत्रमा ल्याइएको सुन आयात सम्बन्धी अध्यादेशको म्याद सकिएको र संसद्मा प्रस्तुत आर्थिक विधेयक पनि पारित हुन नसकेपछि कानूनको अभावमा सरकारले सुन आयातमा रोक लगाएको थियो । बैधानिक रुपमा सुन आयात हुन नपाएपछि भारतबाट अवैध रुपमा सुन पैठारी भैरहेको थियो।

निजी क्षेत्रबाट सुन आयात गर्दा अनियमितता हुने ठहर गर्दै सरकारले राष्ट्र बैंकलाई जिम्मा लगाएको हो तर सो निर्णयको लगत्तै वाणिज्य मन्त्रालयले असहमति जनाएकोले निर्णय थाती रहन गएको छ। राष्ट्र बैंकले भारतीय बजारमा कायम सुनको मूल्यका आधारमा मूल्य निर्धारण गरी विक्री गर्ने व्यवस्था मिलाउने भएको छ।

नेपाल र भारत दुई देशको भन्सार दरबन्दीमा फरक भएका कारण सुनको तस्करी बढ्ने सम्भावना देखेर नयाँ ऐन नआउन्जेल सम्मका लागि सरकारले सुन आयात गर्ने जिम्मा राष्ट्र बैंकलाई दिएको हो । राष्ट्र बैंकलाई सुन पैठारीको जिम्मा दिनु अघि वाणिज्य तथा आपूर्ति मन्त्रालयले निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ प्रयोग गरी सुन पैठारीमा रोक लगाएको थियो।

सुनको पैठारी रोकिँदा भारतबाट अवैध रुपमा सुन भित्रिनुका साथै भारतीय रुपैयाँको पनि अभाव हुन गएको थियो । यसैबीच नेपाल राष्ट्र बैंकले दशैँ र तिहारलाई ख्याल राखी १ हजार किलो सुन विक्री गर्ने निर्णय गरेको छ । सुनको अभाव हुन नदिन आफूसँग मौज्दात सुनबाट राष्ट्र बैंकले बेच्न लागेको हो । राष्ट्र बैंकको ढिकुटीमा ५ सय मेट्रिक टन सुन र १ लाख ३४ हजार किलो चाँदी छ।

सवारी साधनमा वृद्धि

गत आर्थिक वर्षमा कोशी अञ्चलमा सवारी साधनको खरिद विक्रीमा उल्लेख्य रुपमा वृद्धि भएको पाइएको छ । यातायात व्यवस्था कार्यालय इटहरीबाट प्राप्त तथ्यांक अनुसार आर्थिक वर्ष २०६६।०६७ मा सो कार्यालयले २० हजार २६४ वटा सवारी साधन दर्ता गरेको छ । सो संख्या अघिल्लो आर्थिक वर्ष भन्दा दोब्बर हो।

नयाँ दर्ता हुने सवारी साधनमा प्रमुख रुपमा मोटरसाइकल छन्। त्यसपछि जीप, कार, भ्यान, माइक्रो बस छन्। त्यसैगरी नयाँ दर्ता हुनेमा ट्रक, ट्याक्टर, ट्यांकर जस्ता ढुवानीका साधनको दर्ता संख्या पनि बढेको छ।

सो कार्यालयले सवारी साधन खरिद विक्रीबाट मात्रै २९ करोड ६० लाख रावश्व संकलन गरेको छ। अघिल्लो आर्थिक वर्षमा भने १९ करोड ६ लाख मात्र राजश्व सो शीर्षकबाट संकलन भएको थियो।

उपभोग्य वस्तुमा .....

पनि जानकारी गराइएको थियो । सो विषयमा जानकारी गराउँदै संघका महासचिव अविनाश बोहराले चोरी पैठारीबाट राजश्व चुहावट बढेको हुँदा प्रभावकारी कदम चाल्न सरकारलाई आग्रह गर्नुभयो। चोरी पैठारीकै कारण स्वदेशी उद्योगले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको महासचिव बोहराले बताउनु भयो।

सो अवसरमा भारतसँगको व्यापार घाटा बढ्दै गएको हुँदा निर्यातमूलक उद्योगलाई प्रोत्साहित गर्न विशेष प्याकेज कार्यक्रम ल्याउन पनि आग्रह गरिएको थियो। निर्यातमूलक उद्योगमा पुन लगानी गर्ने घोषणा सरकारले गरे पनि सोको कार्यान्वयन हुन नसकेकोमा तत्कालै कार्यान्वयनमा ल्याउन सुझाव दिइएको थियो।

समयमै बजेट नआउँदा त्यसको प्रत्यक्ष प्रभाव देशको उद्योग व्यवसायमा पनि पर्न गएकोमा ध्यानाकर्षण गराउँदै अर्थतन्त्रको मेरुदण्डको स्थिति राम्रो भएन भने देशकैआर्थिक अवस्था चौपट हुने कुरा बताइएको थियो।

संघका सदस्य तथा युवा उद्यमी रमेश राठीले जुट उद्योगले भोग्नु परेका समस्याहरु अवगत गराउँदै जुट उद्योगलाई आवश्यक पर्ने मेशिन तथा मेशिनरी पार्टसमा सरकारले दिँदै आएको छुट बजेट नआएका कारण कटौतीमा परेको जानकारी गराउनु भयो । उहाँले जुट उद्योगलाई राहत दिन माग गर्नुभयो।

त्यस्तै संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वसदस्य शंकरलाल अग्रवालले घरायसी सामानका नाममा भन्सार नाकाबाट लाखौँका सामान भित्रिन दिँदा लाखौँको राजश्व गुम्ने गरेको बताउनु भयो। उहाँले वाणिज्यसंघका प्रतिनिधिसहितको अनुगमन टोली राखेर नियन्त्रण गर्न सल्लाह दिनु भयो।

भेटघाटको अवसरमा नयाँ उद्योगलाई नियमित र सहुलियत दरमा विद्युत उपलब्ध गराउन पनि माग गरिएको थियो । त्यस्तै, नजिकिँदै आएको दशैँ, तिहार जस्तो चाडमा सरकारले उपभोक्तालाई राहत दिन नयाँ प्याकेज ल्याउनु पर्ने सुझाव उपाध्यक्ष (उद्योग) पवन कुमार सारडाले दिनु भएको थियो।

राजश्व सचिव बाँस्कोटाले उद्योगी व्यवसायीका माग र सुझावमा गम्भीर हुँदै सरकार बन्न ढिलाई भएकाले कतिपय जायज कुराहरु पूरा गर्न नसकिएको बताउनु भयो । उहाँले सरकार बनेपछि उद्यमी व्यवसायीका जायज माग पूरा गर्नसरकार तयार रहने आश्वासन दिनु भयो।

पर्यटन व्यवसायमा भइरहेको.....

ग्रामीण गरिवी निवारणका लागि सहभागितामूलक जिल्ला पर्यटन विकास एवं व्यवस्थापनको गुरुयोजना निर्माण गरेर यस क्षेत्रको विकासको प्रयासको थालनी भएको छ। यस अन्तरगत हाल मोरङ जिल्लामा २१ वटा सम्भावित पर्यटकीय क्षेत्रहरु पहिचान भएका छन्। त्यस अन्तरगत पनि विराटराजाको दरवार क्षेत्र, राजारानी ताल भेगटेनी, जेफाले डाँडा सिंहदेवी, बेतनी ताल बेलवारी, बेतौना सिमसार उर्लावारी जस्ता स्थानहरुमा पर्यटन विकासको प्रचुर सम्भावनाहरु पहिचान भएका छन्।

त्यसैगरी नेपाल सरकारको मन्त्रिस्तरीय निर्णयबाट यस क्षेत्रको द्रुत गतिमा विकासका लागि मोरङ, सुनसरी र झापा जिल्लालाई समेटी विराटक्षेत्र पर्यटन प्रर्वद्धन विकास समिति गठन भईकार्य प्रारम्भ गरिएको छ। गत वर्षको समितिको कार्यको मूल्याङ्कन गर्ने हो भने यस क्षेत्रमा सरकारी लगानी पनि विस्तारै बढ्दै जाने अपेक्षा गर्न सकिन्छ। पहिलो वर्षनै लगभग ३ करोडको हाराहारीमा यस क्षेत्रका विभिन्न पर्यटकीय क्षेत्रमा गत वर्षलगानी हुनु निश्चयनै उत्साहजनक देखिएको छ। त्यसैगरी कार्यप्रारम्भ गरेको छोटो समयमै समितिले यस क्षेत्रका पर्यटकीय क्षेत्रको जानकारी सहितको पुस्तकको प्रकाशन, यस क्षेत्रका पर्यटकीय क्षेत्रहरुलाई समेटी पोस्टरको प्रकाशन, सूचना प्रवाहलाई सरल बनाउनका लागि वेभपेजको निर्माण, तीनवटै जिल्लाहरुका विभिन्न स्थानहरुमा विभिन्न सरोकारवालासँग छलफल र अभिमुखिकरण कार्यक्रमहरुले यस क्षेत्रको पर्यटन विकासमा दुरगामी प्रभाव पर्ने कुरा अड्कल लगाउन सकिन्छ।

त्यसैगरी पछिल्लो समयमा नेपाल सरकारद्वारा घोषणा गरिएको पर्यटन वर्ष २०११ सफल पार्न गठन गरिएको कोशी मेची समन्वय समितिका क्रियाकलापहरुले पनि यस क्षेत्रमा पर्यटन प्रर्वद्धनमा उल्लेख्य भूमिका निर्वाह गर्ने देखिन्छ। यस क्षेत्रमा भ्रमण वर्ष सफल पार्ने उद्देश्यले भएको प्रचार प्रसारको उद्घाटन कार्यक्रममा यस क्षेत्रका विभिन्न जिल्लाहरुबाट भएको सहभागिताले त्यसमा नयाँ उर्जा थपेको छ। पाँचथर, इलाम, धनकुटा देखि तराईका विभिन्न जातजाति, भाषाभाषीहरुको लोकसंस्कृति र झाँकीहरु प्रदर्शन भएको सो उद्घाटनको कार्यक्रमले यस क्षेत्रको पर्यटन र त्यसको सुनौलो भविष्यतर्फ

संकेत गरेको छ। यसरी सम्पूर्ण क्षेत्र र पक्षहरुको सहकार्य बढाउँदै पर्यटन विकासका लागि निम्न क्षेत्रहरुमा ध्यान दिएको खण्डमा यस क्षेत्रको पर्यटन विकासमा टेवा पुग्न सक्ने देखिन्छ।

s[lif ko{6gM

कृषि पर्यटन व्यापक अर्थमा यस्तो पर्यटन हो जस अन्तरगत कृषिसँग सम्बन्धित विभिन्न क्रियाकलाप, खेती, प्रविधिसँग सम्बन्धित छ। कृषि पर्यटनलाई संसारका विभिन्न भागमा भिन्नाभिन्नै तरिकाले बुझिने गरिन्छ। इटलीमा कुनै कृषि फर्मभित्र गएर बस्नु त्यससँग सम्बन्धित विभिन्न क्रियाकलापहरु हेर्नु भन्ने बुझिन्छ भने अन्त त्यो भन्दा व्यापक अर्थमा यसलाई बुझ्ने गरिन्छ जस्तै फर्मभित्र गएर ताजा बस्तुहरु किन्नु, आफैंले फलफूलहरु टिप्नु, गाईवस्तुहरुलाई खुवाउनु, दूध दुहुनु, मह काडनु, घोडा चड्नु आदि क्रियाकलापहरु पर्दछन् र यस पर्यटनलाई सांस्कृतिक पर्यटन भन्दा ग्रामीण पर्यटनसँग नजिक बनाई विकास गर्न सकिन्छ।

slng/L -vfB kbfy{;Fu ;DalGwt_ ko{6g M

कलिनरी पर्यटनलाई खाद्य पर्यटन पनि भनिने गर्दछ जस अन्तरगत कुनैदेशको वा क्षेत्रको वा स्थानीय ठाउँको खानाको स्वाद लिनेसँग सम्बन्धित हुन्छ। पर्यटन एक प्रकारले विभिन्नखाले परिकारहरुसँग परिचित हुने पनि क्रियाकलाप भएको हुँदा कुनैपनि ठाउँको वातावरण, बसाई र त्यस ठाउँको सौन्दर्यसँग खानेकुरा स्वभाविक रुपमा गाँसिएको हुन्छ। कुनैपनि ठाउँको बसाईलाई सम्झना योग्य बनाउन त्यहाँको खाने र पिउने वस्तुहरुले धेरै ठूलो भूमिका निर्वाह गर्ने हुँदा यस पर्यटनको महत्व दिन प्रतिदिन बढ्दैगएको पाइन्छ। यसलाई कृषि पर्यटनभन्दा सांस्कृतिक पर्यटन सँग नजिक बनाएर विकास गर्न सकिने सम्भावनाहरु रहेका छन्।

;f+:s[lts ko{6g M

सांस्कृतिक पर्यटन कुनैदेश वा क्षेत्रको संस्कृति मुख्यतया त्यस क्षेत्रका व्यक्तिहरुको जीवन पद्धति, उनीहरुको उत्पत्ति तथा इतिहास, कला, साहित्य, बास्तुकलासँग सम्बन्धित हुन्छ। यस्तो पर्यटन प्राचीन सभ्यता र त्यसको वरिपरि अवस्थित शहरहरुमा पनि केन्द्रित भएको पाइन्छ मुख्यगरी पुराना बास्तुकला, संग्राहलय

afFsL k[i7 & df –

पर्यटन व्यवसायमा भइरहेको.....

थिएटरहरु यसका आर्कषणका केन्द्रको रुपमा स्थापित भएका हुन्छन्र यस अन्तरगत ग्रामीण क्षेत्रका आदिवासीहरुको कला र संस्कृतिहरु संकलन गर्ने र प्रदर्शन गर्ने कुराहरु पनि पर्दछन् । यो पर्यटन अन्तरगत कुनै जाति विशेषको वस्तीमा जाने र उनीहरुसंगै बसेर उनीहरुका क्रियाकलापमा संलग्न हुने, जानकारी लिने र मनोरञ्जन गर्ने विषयहरु पर्दछन् ।

wfld{s ko{6g M

मुख्यगरी आफ्नो साम्प्रदायिक धार्मिक स्थलहरुको भ्रमण यस प्रकारको पर्यटन भित्र पर्दछ । साउदी अरेवियाको मक्कामा हुने 'हज' यस पर्यटनको सबैभन्दा ठूलो उदाहरण हो । त्यसैगरी श्रावण महिनामा पिण्डेश्वरमा जल चढाउन पूर्वाञ्चल क्षेत्रमात्र नभई भारतबाट आउने र नेपालका आन्तरिक पर्यटकहरु पनि यस पर्यटनको सूचीभित्र पर्दछन् । धार्मिक सभा सम्मेलनहरु, कुनै धर्ममा आश्रित क्याम्पहरु, योगी महात्माहरु सत्संगत जस्ता कुराहरु यस पर्यटन भित्र पर्दछन् ।

यसरी पर्यटनका विभिन्न प्रकारहरुमध्ये हाललाई माथि उल्लेख गरिएका क्षेत्रहरुमा ध्यान दिई पर्यटकहरुको आगमनलाई सहज बनाउन सकिएको खण्डमा यस क्षेत्रमा पर्यटन विकासको सुरुवात हुन सक्ने देखिन्छ । त्यसपछि त्यसलाई क्रमश विविधिकरण गर्दै बढ्न सकेको खण्डमा यस क्षेत्रको पर्यटनको भविश्य निश्चयनै सुनौलो देखिन्छ ।

बजार भाउ

उपभोग्य वस्तुको वजार भाउ

क.सं. वस्तुको नाम	भाद्र ३१ गतेको बजार भाउ (प्रति क्वीन्टल) २०६६	२०६७
१. धान :		
सोना मन्सुली	१७००।-	२३००।-
वास कान्छी	१६२५।-	२१७५।-
मोटा (राधा १२)	१६२५।-	२२००।-
मसिनो	३३००।-	२८००।-
मन्सुल	२१००।-	२३२५।-
२. चामल :		
मन्सुली अरुवा	२९५०।-	३४००।-
वास कान्छी अरुवा	२३००।-	३१२५।-
वास कान्छी उसिना	२४५०।-	३१७५।-
मोटा अरुवा	२१५०।-	-
सोना मंसुली	२४५०।-	३१००।-
३. दलहन गोटा :		
मुसुरी	७०००।-	५५००।-
चना	३७००।-	४७००।-
४. तेलहन :		
पश्चिम नेपालको तोरी	४६००।-	४८००।-
मोरङ्गी तोरी	३८००।-	३८५०।-
आलस	४१००।-	३८५०।-
५. तेल :		
तोरी (प्रति टिन)घानी	१७००।-	१७००।-
रिफाइन तेल (टिन)	१६००।-	१६००।-
घ्यू भेजिटेवल	१२००।-	१२००।-
६. खाद्यान्न :		
गहुँ	१८००।-	२१००।-
मकै	१५५०।-	१५५०।-
मुसुरी दाल	१०५००।-	१०२००।-
रहर दाल	११५००।-	११५००।-
चना दाल	५८००।-	५८००।-
७. पीना :		
तोरीको पीना	१७००।-	२१००।-
चोकर	१३००।-	१५००।-
राईस ब्रान(२०प्रति टन)	१४५००।-	१६०००।-
८. जुट मोरङ्गी :		
गठसाठ सादा	-	-
गठसाठ तोसा	३७५०।-	४२००।-

ef]nf b'nfn, ;lrj,
df]=Jof=;+3

हार्दिक वधाई

यस संघका सचिव श्री भोला दुलाल स्वर्गीय कृष्ण सिउदेल स्मृति प्रतिष्ठानबाट सम्मानित हुनुभएको साथै संघका का.का. सदस्य श्री राजन श्रेष्ठ भ्की: पुच विराटनगरको अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा हार्दिक वधाई ज्ञापन गर्दछौं ।

मोरंग व्यापार संघ
विराटनगर

/fhg >]i7, sf=sf= ;b:o,
df]=Jof=;+3

परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने बस्तुहरुको सूची

(क्रमश : अंक ४ को बांकी अंश)

सि.नं.	हारमोनिक कोड नम्बर	सामानको नाम
५१	भाग ५१.०८ मा उल्लेख भएको	उनी यार्नYarn या fine animal hair (होजियारी वाहेक)
५२	भाग ५२.०१ मा उल्लेख भएको	कपास
५३	भाग ५२.०५.११ देखि ५२.०५.१४ सम्म र ५२.०६.११ देखि ५२.०६.१४ सम्म उल्लेख भएको	कटन यार्न
५४	भाग ५४.०२.४२ मा उल्लेख भएको	पोलिष्टर पार्सियली ओरिन्टेड यार्न(५४.०२.४२.००मा उल्लेखित Partially Oriented Polyester Yarnर ५४.०२.४९ मा उल्लेखित Synthetic Filament Yarn बाहेक)
५५	भाग ५४.०२.४९ मा उल्लेख भएको	Synthetic Filament Yarn
५६	भाग ५४.०३, ५५.९, ५५.१० मा उल्लेख भएको	कृत्रिम यार्न(होजियारी यार्नबाहेक)
५७	भाग ५५.०१, ५५.०२ ,५५.०३, ५५.०४, ५५.०६, ५५.०७ मा उल्लेख भएको	मानव निर्मित कृत्रिम फाइवरहरु
५८	भाग ५५.०३.२० मा उल्लेख भएको	पोलिष्टर फाइवर
५९	भाग ५५.०४.१० मा उल्लेख भएको	भिस्कोज रेयन Viscose Rayon (फाइवर)/ Viscose Staple Fiber
६०	भाग ५९.०२ मा उल्लेख भएको	टायर कर्डफेब्रिक (Tyre Cord)
६१	भाग ७०.१०.९०.०० मा उल्लेख भएको	Carboys, Bottles, Plasks, Jar, Pots.
६२	भाग ७२.०३.१०.०० मा उल्लेख भएको	Sponge Iron
६३	भाग ७२.०४.४९ मा उल्लेख भएको	M. S. Scrap
६४	भाग ७२.०६ मा उल्लेख भएको	फलाम (इनगोट) Iron Ingots
६५	भाग ७२.०७ मा उल्लेख भएको	माइल्ड स्टिल बिलेट
६६	भाग ७२.०८को २७.००,३६.००,३७.००,३८.००, ३९.००, ५१.००, ५२.००मा उल्लेख भएको, भाग ७२.०८.५१ र ७२.०८.५२मा उल्लेख भएको	हटरोल सिट ईन क्वायल तथा हटरोल सिट नट ईन क्वायल
६७	भाग ७२.०९ को १५.००, १६.००, १७.०० र १८.०० मा उल्लेख भएको	कोल्डरोल सिट ईन क्वायल
६८	भाग ७२.१०.१२ मा उल्लेख भएको	टिन प्लेट
६९	भाग ७२.११.१४.०० मा उल्लेख भएको	Hot Rolled Sheet in Coil
७०	भाग ७२.११.१९.०० मा उल्लेख भएको	Hot Rolled Sheet in Coil
७१	भाग ७२.१३.९१.१० मा उल्लेख भएको	एम. एस. वायर रड ईन क्वायल
७२	भाग ७२को ७२.१७.२०, ७२.१७.३०, ७२.१७.९०मा उल्लेख भएको	Bead Wire (कपर कोटेड)
७३	भाग ७२.१८.९९ मा उल्लेख भएको	स्टिल ब्यम
७४	भाग ७२.१९ मा उल्लेख भएको	स्टिल प्लेट
७५	भाग ७२.२६.११ मा उल्लेख भएको	Silicon Steel
७६	भाग ७४.०४ मा उल्लेख भएको	Aluminum Copper/Brass Scraps Re-Melted Ingots (वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सुचना बमोजिम मात्र)
७७	भाग ७४.०७.१०.०० मा उल्लेख भएको	Copper Rods
७८	भाग ७४.०८.११.०० मा उल्लेख भएको	Copper Wire
७९	भाग ७६.०१ मा उल्लेख भएको	आल्मोनियम ईनगट बिलेट
८०	भाग ७६.०२.०० मा उल्लेख भएको	आल्मोनियम वेस्ट (वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०६४ साउन २९ को सुचना अनसार)
८१	भाग ७६.०४ र ७६.०५ मा उल्लेख भएको	आल्मोनियम रड ईन क्वायल
८२	भाग ७६.१२.१०.०० मा उल्लेख भएको	Tubes
८३	भाग ७९.०१.११.०० मा उल्लेख भएको	Zinc
८४	भाग ७९.०१.२० मा उल्लेख भएको	Zinc Alloy
८५	भाग ८३.०९.१०.०० मा उल्लेख भएको	Metal Crown Corks
८६	भाग ८४ मा उल्लेख भएको	सम्पूर्णमेसिनरी उपकरणहरु (पार्टपूर्जाबाहेक)
८७	भाग ८५.०१, ८५.०२ मा उल्लेख भएको	विद्युतीय मोटर, जेनेरेटिङ सेट
८८	भाग ८५.०४.९० मा उल्लेख भएको	Amorphous Matalcores
८९	भाग ८५.०७.९०.०० मा उल्लेख भएको	PP Battery Container & Battery Separator
९०	भाग ८५.२९.९० मा उल्लेख भएको	TV PictureTube
९१	भाग ८५.४०.११ मा उल्लेख भएको	Spare Parts for TV Receiver
९२	भाग उल्लेख नभएको	तयारी पोशाक निर्यात उद्योगले आफ्नो परिवर्त्यविदेशी मुद्रा आर्जनको ५० प्रतिशतसम्मको आर्जनले खाम्ने गरी कच्चा पदार्थको रुपमा आयत गर्नपाउने कपडा (Fabrics)

स्रोत : अनुसूचि ३, मौद्रिक नीति २०६७-२०६८, नेपाल राष्ट्र बैंक

मोरंग व्यापार संघ, पत्रिका प्रकाशन उपसमितिका संयोजक - तरुणकुमार संचेती, प्रकाशक - मोरंग व्यापार संघ,
पो.व.नं. १०४, विराटनगर-९, फोन नं. ०२१-५२७१७३, ५२३९१५, फ्याक्स नं. ०२१-५२४७३२,
Email : mma@mma.org.np, mmabrt@nns.com.np, URL : www.mma.org.np
व्यवस्थापक : राधारमण भण्डारी (श्याम), कम्प्यूटर ले-आउट एण्ड डिजाईन : विनय लाभ